पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७।०७८
चलानी नं./Ref. No. :

मिति : २०७७।०५।२६

# पूर्वखोला गाउंपालिकाको अत्यन्त जरुरी सूचना ।

यस पूर्वखोला गाउंपालिका वडा नं ४ देविनगरको वजार क्षेत्रमा समुदाय स्तरमा एक जनामा कोरोना भाइसर पोजेटिभ पुष्टी भएको अवस्था छ । यस परिस्थितीमा कोरोना भाइरस समुदाय स्तरमा नफैलियोस् भन्ने तर्फ यस पूर्वखोला गाउंपालिका सजग रहदै मिति २०७७।०५।२६ गते वेलुका आकस्मिक रुपमा वसेको कोरोना रोकथाम तथा नियन्त्रण स्थानीय समन्वय समिति [CCMT] को वैठकले तपसिल वमोजिमका निर्णयहरु गरेको हुंदा उक्त निर्णयलाई पूर्ण रुपमा पालना गर्नु गराउनु हुन आम नागरिकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) पूर्वखोला गाउंपालिका वडा नं ४ देविनगर स्थित पूर्वमा मोहकाल जाने मोटरवाटो, पश्चिममा खिर्राभन्ज्याङ नजिकको ठाटीगौडा,उत्तरमा मातृभूमी मा.विको अंग्रेजी व्लग र दक्षिणमा काफलडाडा ( वोहरीथोक) जाने मोटरवाटोको क्षेत्र मिति २०७७।०५।२७ गते विहान ६ वजे देखि मिति २०७७।०६।०५ गते विहान ६ वजे सम्मको लागि शिल गर्ने ।

२) वडा नं ४ स्थित स्वास्थ्यचौकीवाट प्रदान गरिने आकशिमत सेवा वाहेकका अन्य सम्पूर्ण सेवाहरु तथा वडा कार्यालय उल्लेखित मिति सम्मको लागि वन्द गर्ने ।

३) शिल गरिएको क्षेत्रभित्र आवतजावतका कुनैपनि गतिविधी संचालन नगर्ने । वडा नं २ जल्पा भएर वडा नं ४ देविनगर हुंदै जिल्ला सदरमुकाम तानसेन जाने सवारी साधनहरुले शिल गरिएको क्षेत्रमा सवारी साधन रोक्ने, यात्रु चढाउने ओराल्ने जस्ता कृयाकलापहरु नगर्ने नगराउने । सकेसम्म यस अवधी सम्म सवारी साधनहरु संचालन नगर्ने नगराउने ।

५) शिल गरिएको क्षेत्र भित्र अत्यावश्यक सेवा वाहेकका अन्य पसल, होटल, रेस्टुरेन्ट तथा अन्य सवै प्रकारका सेवाहरु वन्द गर्ने गराउने ।

६) शिल गरिएको क्षेत्रका स्थानीय वासिन्दाहरुको Contract Tracing नहुंदा सम्म आकस्मिक काम वाहेक अन्य कामको लागि घर वाहिर अनावश्यक हिडडुल नगर्ने नगराउने, अनावश्यक रुपमा जमघट नहुने ।

७) सकेसम्म सवैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गराउने, सेनिटाइजरको प्रयोग गर्ने तथा सावुनपानीले नियमित रुपमा हातधुने र धुन लगाउने ।

अन्त्यमा,यस विषम परिस्थितीमा आम नागरिकहरु हतास नहुन, कोरोना भाइरस विरुद्ध सजग र सचेत हुन,स्वास्थ्य सम्वन्धि कुनै समस्या आएमा स्वास्थ्यकर्मीको सल्लाह लिन तथा उल्लेखित निर्णयहरुको पालन गर्नु गराउनु हुन यस पूर्वखोला गाउं कार्यपालिकाकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

बिनोद नेपाल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत